महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

मुड्केचुला गाउँपालिका, डोल्पा

८०६६१५०५३००

मुड्केचुला गाउँपालिका , डोल्पा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-१५

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
मुड्केचुला गाउँपालिका, डोल्पा ,
मुड्केचुला गाउँपालिका , डोल्पा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।१४ मा छलफल पश्चात् तयार गरिएको पाना बैसाठी(६२) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

तारा ध्वज सुनुवार
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाणडौ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डोल्पा
।, dolpa.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई, दुनै, डोल्पा ।,
dolpa.pfuo61@gmail.com

परिचय

१ परिचय

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत ९ वडा, ४२ सभा सदस्य,२५०.०८ वर्ग किमि क्षेत्रफल र ६००० जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०२ देखि २०८०।०६।०४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाकोरुपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.४०,२८,०५,८८४.३४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,२५,१००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	रोजगार कार्यक्रममा भुक्तानी दिन नमिल्ने रकम असुल गरी दाखिला भएको रु.	१२००००
२	दिन नमिल्ने बैठक भत्ता असुल गरी दाखिला	५१००
	जम्मा	१२५१००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

प्राप्ती भुक्तानी हिसाव								
		यस वर्ष रु.				गतवर्ष रु.		
विवरण	टिप्पणी	बजेट	आफैले गरेको प्राप्ति/	वस्तुगत/ सोभैं भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोभैं भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४२३३५०७१९.९९	३४८४७००७०.३५	१८०९९४०५	३६६५६९४७५.३५	३००८५३८७४.७२		३००८५३८७४.७२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४२३३५०७१९.९९	३४७९७१७३५.३५	१८०९९४०५	३६६०७११४०.३५	२९५१५७९३३.७२	०	२९५१५७९३३.७२
११००० कर	११	५८७६२०००	५३२१५६७७.३५	०	५३२१५६७७.३५	३३४४१८०१.६१	०	३३४४१८०१.६१
१३००० अनुदान		३४५३४४७४०	२९४७५६०५८	२५५०१७४०.३९	३२०२५७७९८.३९	२५४२०१६९४	०	२५४२०१६९४
संघीय सरकार	१२	२४४६२२०००	२३२३४७२७७	०	२३२३४७२७७	२२१३४६६२२	०	२२१३४६६२२
प्रदेश सरकार	१२	७५२२१०००	६२४०८७८१	०	६२४०८७८१	३२८५५०७२	०	३२८५५०७२
बैदेशिक श्रोत	१२	२५५०१७४०	०	२५५०१७४०.३९	२५५०१७४०.३९	०	०	०
१४००० अन्य राजस्व		०	०	०	०	६०३०२२६.११	०	६०३०२२६.११
१५००० विविध प्राप्ति		०	०	०	०	१४८४२१२	०	१४८४२१२
३२००० वित्तीय सम्पत्ति		१९२४३९७९.९९	०	०	०	०	०	०
ख. अन्य प्राप्ति			४९८३३५		४९८३३५	५६९५९४१		५६९५९४१
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		०	०	०	०	२९४१८७६	०	२९४१८७६
धरौटी		०	४९८३३५	०	४९८३३५	२७५४०६५	०	२७५४०६५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		४२३३५०७१९.९९	३५४५५५९४२.४	१८०९९४०५	३७२६५५३४७.४	३६२८८८०८१		३६२८८८०८१
ग. भुक्तानी (सञ्चित कोषबाट)		४२३३५०७१९.९९	३५३७२२६७३.४	१८०९९४०५	३७१८२२०७८.४	३५८५७६२६०		३५८५७६२६०
२१००० पारिश्रमिक / सुविधा	१८	११८७५००००	११०७४८२१७.४	२२०००००	११२९४८२१७.४	९८६७९२०१	०	९८६७९२०१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९६६७५४३५.९९	८४३१५११३	२२५३५०५	८६५६८६१८	७७४६३१६७	०	७७४६३१६७
२५००० सहायता	१८	१८२५८०००	१७५५३६१६	०	१७५५३६१६	२००५७८६२	०	२००५७८६२

(Subsidy)								
२७००० सामाजिक सुरक्षा	१८	६९९०५००	६८६२५०१	०	६८६२५०१	४९०५०८६	०	४९०५०८६
२८००० अन्य खर्च	१८	५६५२०००	११३४१००	०	११३४१००	२५३०१८९९	०	२५३०१८९९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१७७०२४७८४	१३३१०९१२६	१३६४५९००	१४६७५५०२६	१३२१६९०४५	०	१३२१६९०४५
घ. अन्य भूक्तानी			८३३२६९		८३३२६९	३६२८८८०८१		३६२८८८०८१
कोषहरु		०	०	०	०	३००६३८५	०	३००६३८५
धरौटी		०	८३३२६९	०	८३३२६९	१३०५४३६	०	१३०५४३६
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			-६०८५८७२.०५		-६०८५८७२.०५	-६२०३४२०६.२८		-६२०३४२०६.२८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२१५८०६०१.९९		२१५८०६०१.९९	८६२८७७५९.७७		८६२८७७५९.७७
वर्षान्तको बाकी रकम (ङ + च)			१५४९४७२९.९४		१५४९४७२९.९४	२४२५३५५३.४९		२४२५३५५३.४९
बैंक तथा नगद बाकी	२४		१६६९४७२९.९४		१६६९४७२९.९४	२५९३८२१३.४९		२५९३८२१३.४९

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२,१८,९७,९४७।० दिगो सरसफाई आयोजनातर्फ रु.९४,२८,६००।-, गरिवसँग विशेश्वर कार्यक्रम रु.४,६३,०००/- तथा प्रदेश तर्फ उद्दार, राहत तथा पुनर्स्थापान खर्च रु.१४,६४,०००।० समेत गरी रु. ३,३२,५३,५४७।० उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब विवरण यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२,४०,५४,१९०.४९।० मौज्दात रहेकोमा यो वर्ष रु.२१५८०६०१।९९

जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२४,७३,५८८।५० घटी जिम्मेवारी सारेको देखिएको रु.

प्रमाण पेश नगरेको	२४,७३,५८८

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२,१८,९७,९४७।० दिगो सरसफाई आयोजनातर्फ रु.९४,२८,६००।-, गरिवसँग विशेश्वर कार्यक्रम रु.४,६३,०००/- तथा प्रदेश तर्फ उद्दार, राहत तथा पुनर्स्थापान खर्च रु.१४,६४,०००।० समेत गरी रु. ३,३२,५३,५४७।० उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्कहिसाबविवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	खाता अनुसार बाकी रु	बैक स्टेटमेन्ट अनुसार	फरक
ग १.१, आन्तरिक राजस्व खाता	०	०	०
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
ग १.३, आन्तरिक अनुदान खाता	०	०	०
ग १.४, वैदेशिक सहायता अनुदान खाता	०	०	०
ग ५.१ विविध कोष खाता	०	१९००००	-१९००००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	६८३१४५	-६८३१४५
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	३०५१३६६	-३०५१३६६
ग.२.७, विविध खर्च खाता	०	७१६८०१	-७१६८०१
ग ३.१, स्थानीय तह धरौटी खाता	२००१६८८	२००१६८८	०
ग. ७.२ प्रकोप व्यवस्थापन कोष	०	२८६५७	-२८६५७
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१४६९३०४१.९४	९८०४६६४.३६	४८८८३७८
जम्मा	१६६९४७२९.९४	१८१८६३२१	-१४९१५९१

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु. १,६६,९४,७२९।९४ र बैक अनुसार रु.१,८१,८६,३२१।- देखिएकोमा स्रेस्ता भन्दा बैक मौज्दात रु.१४,९१,५९१।- वढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ **कोष खाताः** पालिकाले कोष खाता अध्यावधिक गर्नुपर्दछ । तर पालिकाले देहायको खातामा गत वर्षको प्रतिवेदनले देखाएको यस वर्ष जिम्मेवारी सारेको नदेखिएकोले उक्त मौज्दात एकिन भएको प्रमाण पेश गर्नुपर्ने रु.

खाताको प्रकार	गत वर्ष बाँकी मज्दात
ग ५.१ विविध कोष खाता	१९०००००.
ग.२.७, विविध खर्च खाता	३१९८९८.५०
ग. ७.२ प्रकोप व्यवस्थापन कोष	२८६५७.
जम्मा	२२४८५५५.५

प्रमाण पेश नगरेको	२२,४८,५५५.५

३ निकासा फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु.६६,६४,६५२/- सम्बन्धित् संचित कोष फिर्ता गरेको पाइयो ।

विवरण	संघीय सरकारबाट	खर्च	बाँकी	फिर्ता
संघीय सशर्त अनुदान	१६६३०२२७७	१५९६५८५५४	६६४३७२३	६६४३७२३
प्रदेश सशर्त अनुदान	५६९२२०३१	५६९०११०२	२०९२९	२०९२९

सैद्धान्तिक बेरुजु

४ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आय ३२ लाख २७ हजार राजस्व बाँडफाँड रु.४ करोड ९७ लाख ८४ हजार र अनुदानबाट रु.२३ करोड २३ लाख ४७ हजार समेत रु.४२ करोड ४० लाख ९० हजार आम्दानी भएकोमा चालुतर्फ रु.२२ करोड ५० लाख ६७ हजार र पूँजिगततर्फ रु.१४ करोड ६७ लाख ५५ हजार गरी रु.४२ करोड २२ लाख ८ हजार

खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६७ लाख ६५ हजार खर्च भएको छ जुन आन्तरिक आयको २०९.६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ५३ प्रतिशत र पूँजिगत ४७ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परिक्षण गराउनु पर्ने व्यवस्था भएकोमा आन्तरिक लेखापरीक्षणबाट देखिएको देहाय बमोजिमको व्यहोराहरु फस्यौंट भएको छैन । कानुन बमोजिम फस्यौंट हुनुपर्दछ ।

५.१ **देखिएको व्यहोरा जिन्सी दाखिला प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको विक्रेता,फर्मा तथा सप्लायर्सबाट खरीद भएको मालसामानको जिन्सी दाखिला गरेको नपाईएकोले सोको जिन्सी दाखिला गरेको प्रमाण पेशगर्नुपर्ने रु.

गो भौ नं र मिति	विक्रेता तथा सप्लायर्स/ भुक्तानि लिनेको नाम	समानको विवरण	रकम
२२-२०७९।०६।०७	निसान जनरल स्टोर	विविध कार्यालय सामानहरु खरीद	४५१५०
२४-२०७९।०६।०७	युगल सर्भिस सेन्टर	विविध कार्यालय सामानहरु खरीद	४५०००
३३-२०७९।०६।०८	युगल सर्भिस सेन्टर	मसलन्द तथा कार्यालय सामाग्री	६४३००
५४-२०७९।०६।११	नवराज शाहि	गाँउ प्रहरीको पोषाक खरीद	२४८८१
		जम्मा	१७९३३१

प्रमाण पेश नगरेको	१,७९,३३१

५.२ **सक्कल विजक पेश नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलिको नियम ३९(५) बमोजिक खर्च लेख्दा बिल भरपाई सहीत लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने भन्ने छ । देहाय अनुसारको भुक्तानी गरेको संलग्न फाँटवारीमा सक्कल विल भरपाई पेश वेगर फोटोकपी विलको आधारमा भुक्तानी दिएकाले नियमको पालना गरेको पाईएन । तसर्थ सक्कल प्रमाण वेगर भुक्तानी भएको रु

गो.भौ.नं. र मिति	विवरण	रकम
१४१/(गापा चालु) ०७९/९/१७	सूचना प्रविधि अधिकृत संजय कुमार शाहलाई पेश्की फर्स्यौट गरी समय टेक्नोलोजी प्रा.लीको भुक्तानीमा फोटोकपि बिल पेश रु.	१५०००
३१२/(गापा चालु) ०८०/३/०४	होटेल गोल्डेन ईगलको फोटोकपी विल पेश पेश भएको रु	८९०००
३९३/ ०८०/३/२४	हरीचन्द्र रावललाई मेशिनरी औजार मर्मत सम्भार खर्च वापतको भुक्तानीमा ट्याक्टर्स नेपालको फोटोकपि बिल पेश रु.	४७०००
४३/(प्रदेश अनुदान) ०८०/३/१७(मुख्यमन्त्री)	चोतरकोट खानेपानि निर्माण उ स वडा नं ५ लाई भुक्तानी दिएकोमा सिद्वार्थ ढुवानी सेवाको फोटोकपि बिल पेश रु.	७२२००
५०/(प्रदेश अनुदान) ०८०/३/२३	खर्क हुदै रिडिङ सम्म मोटरबाटो निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा क्रिस एण्ड क्रिष्टिना निर्माण सेवाको बिल फोटोकपी पेश भएको रु.	४२३,५४१
	जम्मा	६४६७४१

असुल गर्नुपर्ने	६,४६,७६१

५.३ **विलभरपाई पेश नभएकोः** आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायको भुक्तानीमा विल भरपाई संलग्न नगरी खर्च लेखेको छ। खर्च पुष्टी गर्ने विल भरपाई बेगर खर्च गर्दा अनियमितता हुने तथा खर्च नियन्त्रणमा असर पर्दछ। यसरी विल भरपाई वेगरगरेको खर्चको विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

भौ.नं./मिति	भुक्तानि लिनेको नाम	विवरण	रकम
१७३-२०७९/१०/१८	आर के वोर्डकास्टिङ मिडिया प्रालि	पत्रपत्रिका छपाई	३००००
३११- २०८०।३।३	बाख्रा खरीद तथा वितरण उपभोक्ता समिति	बाख्रा खरीद तथा वितरण	४०००००
८६-(संघिय चालु) ०८०।०१।१६	जिल्ला खेलकुद विकाश समिति		१०००००
१७७-२०८०।०३।२२	युवराज थापालाई क्षयरोग सम्बन्धि कार्यक्रमको पेफ	क्षयरोग सम्बन्धित कार्यक्रमको पे फ गरेको प्रमाण पेश गर्नुपर्ने	५००००
१७७-२०८०।०३।२२	कुमार केसिलाई क्षयरोग सम्बन्धि कार्यक्रमको पेफ	क्षयरोग सम्बन्धित कार्यक्रमको पे फ गरेको प्रमाण पेश गर्नुपर्ने	३५,०००
१७९-२०८०।०३।२३	श्रीया ईन्टेरीयर इण्डष्ट्री प्रालि(स्वास्थ्य प्रशासनिक खर्च)	श्रीयालाई भुक्तानिभएकोमा बिल चाहि प्रिन्सी फर्निसिङ हाउसको भएकोले प्रिन्सि फर्निसिङले रकम प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु .	४, ०० , ०००
		जम्मा	६१५०००

प्रमाण पेश नगरेको	६,१५,०००

६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन।पालिकाबाट भुक्तानीमा बीलभर्पाइ वेगर भुक्तानी गर्ने, लेखाका कर्मचारीलाई पेश्की दिने, सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, विभिन्न कार्यक्रमका लागि एकमुष्ट पेश्की दिने, बिल भन्दा बढी भुक्तानी लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, खरिद भएका मालसान दाखिला नगर्ने, चालु खर्चको बेमनासिव तथा अनाबश्यक खर्च गर्ने जस्ता आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	०	०
पञ्जिकरणतर्फ		
जन्मदर्ता	३१२	३१२
मृत्युदर्ता	४१	४१
बसाईसराई दर्ता	६	६
विवाह दर्ता	२४	२४
सम्वन्ध विच्छेद	१	१
पूर्वाधार विकास सडक निर्माण	०	२२. ९ प्रतिशत

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।पालिकाको बस्ती विकास, समष्टीगत योजनाका लागि घरजग्गा नक्सा दर्ता एवं

दीर्घकालीन प्रभाव देखिने गरी सेवा प्रवाहमा सुधार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**प्रथम त्रैमासिक**	**दोस्रो त्रैमासिक**	**तेस्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**असार महिनाको**
पुजिँगत खर्च	१४६७५५०२६	५५२३६४९	१९७६५१११	२८८५२६७३	९२६१३५९३	६५८७३६९३.
प्रतिशत	१००	३.७६	१३.४७	१९.६६	६३.११	४४.८९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.१४ करोड ६७ लाख ५५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५५ लाख २४ हजार अर्थात ३.७६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१ करोड ९७ लाख ६५ हजार अर्थात १३.७४ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. २ करोड ८८ लाख ५३ हजार अर्थात १९.६६ प्रतिशत र चौथो त्रैमासिकमा रु. ९ करोड २६ लाख १३ हजार र आषाढ महिनामा मात्र रु.६ करोड ५८ लाख ७३ हजार अर्थात ४४.८९ प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ३३ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचार दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,५६,४७,०२२/- स्वास्थ्यतर्फको रु.१,१९,८३,६७५/- शिक्षातर्फको

रु.५,७७,८५,८९४/- गरी रु.८,५४,१६,५९१/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **वडा सचिव पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त संख्या
९	९	४	%

सैद्धान्तिक बेरुजु

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री दुँदा रोकाय महतले मिति २०७९।०३।१० गते रु ४२ करोड २३ लाख ५० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको

सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ६७ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
				लाख सम्मका योजना सङ्ख्या	
१.	पालिकास्तरीय	७	२	४	१
२.	वडास्तरीय	४३	१३	२०	१०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४४ योजनामात्र कार्यान्वयन भई ६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२७५२००००	२६३७४९२७	७.१
२	पूर्वाधार विकास	१०७०५३०००	८४९९३८२६	२२.९
३	सामाजिक विकास	१६९९७५२४०	१५६६४५६४९	४२.१
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४२४८८०००	३८२०७७१२	१०.३
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	७६२१४४७९।९९	६५५९९९६४।४०	१७.६
जम्मा		४२३२५०७१९	३७१८२२०७८.४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ४२.१ प्रतिशत र आर्थिक विकास सबै भन्दा घटीमा ७.१ प्रतिशत रहेको छ ।दीर्घकालीन प्रभाव देखिने गरी आर्थिक एवं पूर्वाधार बिकासमा लागनी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ बार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४ करोड ६७ लाख ५५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले

आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना तथा गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० ऐन, ६वटा नियमावली, १९ कार्यविधि, मापदण्ड ७ वटा र ५ वटा निर्देशिका गरी ४७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२० **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ६७,६५,५००/- सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष...जना ९	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य ३०जना	जम्मा ४७ जना
१	बैठक भत्ता	४०५००	४०५००	३६४५००	१८९०००	९०००००	१५३४५००
२	यातायात खर्च	१०८०००	१३२०००	०	०	०	२४००००
३	टेलिफोन,मोबाइल	२७०००	३३०००	२४३०००	५४०००	२७००००	६२७०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	२७०००	३३०००	२४३०००	५४०००	१३५०००	४९२०००
५	समन्वय तथा सहजीकरण	१३५०००	१३२०००	६४८०००	२९७०००	५४००००	१७५२०००
६	अतिथि सत्कार	४५०००	४४०००	३२४०००	५४०००	२७००००	७३७०००
७	खानेपानी/बिजुली/ सरसफाई	४५०००	३३०००	८१०००	५४०००	१३५०००	३४८०००
८	चाडपर्व खर्च	१५०००	१५०००	१३५०००	९००००	४५००००	७०५०००
९	विदुत तथा उर्जा खर्च	२७०००	३३०००	८१०००	५४०००	१३५०००	३३००००
	जम्मा	४६९५००	४९५५००	२११९५००	८४६०००	२८३५०००	६७६५५००

सैद्धान्तिक बेरुजु

२१ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष अथिति सत्कार तथा विविध खर्चका लागि रु.३५,००,०००/- विनियोजान गरेकोमा सबै रकम खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२४ **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष २ थान दुई पांग्रे सवारी साधन १ थान ट्याक्टर र १ थान एम्बुलेन्स खरिदमा रु.६२,९६,४३०।- बजेटबाट खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

२५ **एम्बुलेन्स खरिद**

६१-२०७९।११।२८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले एम्बुलेन्स खरिदका लागि अग्री इनकर्पोरेटेड प्रा.लि., काठमाण्डौसँग मिति २०७९।१०।१३ मा खरिद संझौता भई

रु.२०,१०,०५०/- भुक्तानी भए पनि लेखापरीक्षण अवधिसम्म एम्बुलेन्स पालिकाको नाममा दर्ता तथा जिन्सी दाखिला भएको छैन । पालिकाको नाममा दर्ता तथा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२०,१०,०५०

२६ मोबाइल दाखिला

५३४-०७९।०३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले MI ११ एक्स प्रो मोबाइल ८/२५६मोडलको थान २ मोबाइल रु.१,३७,९९९।९८ खरिद गरेकोमा खरिद आदेश एवं जिन्सी दाखिला समेत नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,३७,९९९

२७ वितरणमुखी

कार्यः (१५८–०७९।०९।२०) स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दीर्घकालीन योजना बनाएर गर्नुपर्दछ । पालिकाले जनतासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत रु.२२,०००/- मा ६५ वटा न्यानो ज्याकेट खरिद गरी वृद्ध/वृद्धाहरुलाई वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ बजेट भाषण

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। पालिकाले बजेट भाषण तथा पारित गरेवापत पदाधिकारी भत्ता दिने कानूनी आधार वेगर निम्न पदाधिकारीलाई दिएको रू.१ लाख असुल गर्नुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
२८.१	दुदा रोकाय	५०,०००
२८.२	दत्त बहादुर शाही	५०,०००

असुल गर्नुपर्ने	१,००,०००

२९ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

३० आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ३७ जना व्यक्तिहरुलाई रु. ६,५०,०००/- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ सम्पत्ति तथा जिन्सी मालसामानको लगत

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ (१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु वा गराउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न निकायलाई देहायका मालसामान हस्तान्त्रण गरेकोमा सम्बन्धित कार्यालयमा जिन्सी लगत बाधेको प्रमाण संलग्न गरेको छैन। नियमानुसार मालसामानको आम्दानी जनाई पाम्समा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

गो.भौ.नं.	जिन्सी मालसामान	मुल्य
२२- ०७९।०६।०७	अफिस व्याग, रेनकोट , बलाङ्केट तन्न सेट आदि	४५१५०
२४- ०७९।०६।०७	स्टेशनरी सामाग्री	४५०००
६७- ०७९।०८।१८	विभिन्न सामाग्री	१८३०००
८०- ०७९।०८।२१	दराज, टेबल	६००००
१००- ०७९।०९।०१	लो- वेड	३५०००
१९३- ०७९।११।२४	अफिस टेबल रिभल्विङ्ग चेयर, डेस्क वेन्च , काठको टेवल	५०००००
१९९- ०७९।११।२६	टेबल, सोफासेट , रिवल्वीङ्ग लगाएतको सामाग्रि	१७४५८५
	जम्मा	१०४२७३५

असुल गर्नुपर्ने	१०,४२,७३५

३३ धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ बमोजिम धरौटी रकम फिर्ता गर्दा निर्माण व्यवसायी तथा सेवाप्रदायकले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण तथा कागजात पेश गरेपछी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको निर्माण व्यवसायीलाई धरौटी वापतको रकम फिर्ता दिँदा कर कार्यालयमा पेश गरेको कर समायोजन प्रमाण पेश नगरी रु.८,३३,२६९।० फिर्ता दिएकोले फिर्ता रकमको कर समायोजन पत्र पेश हुनुपर्ने रु.

गोश्वारा भौचर नं.	निर्माण व्यवसायी	फिर्ता रकम
२-२०७९।८।१४	आशापूर्ण निर्माण सेवा प्रा.लि.	१५५९१३
३-२०७९।८।१४	शिरिजन कन्स्ट्रक्सन	२५९१८६
४-२०७९।८।१४	शिरिजन कन्स्ट्रक्सन	५४९२३
५-२०७९।९।१९	शिवशक्ति निर्माण सेवा	१६९२९१
६-२०७९।११।२१	दिनेश निर्माण सेवा	१००८१९
७-२०७९।११।२१	दिनेश निर्माण सेवा	९३१३७
जम्मा		८३३२६९

प्रमाण पेश नगरेको	८,३३,२६९

३४ **पेश्की बाकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । गरिव बिपन्न घर धुरी पहिचान, सर्वेक्षण तथा परिचय पत्र वितरण कार्यक्रमको लागि नायव सुव्वा धर्मराज शाहीलाई रु.२ लाख ५० हजार पेश्की दिएकोमा फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु

पेश्की	२,५०,०००

३५ **गर्भवती तथा सुत्केरी पोषण**

गर्भवती तथा सुत्केरी पोषणः १६१-०७९।०९।२० कुनै पनि कार्यक्रम सञ्चालन गर्दा दीर्घकालीन प्रभाव, असर, प्रतिफल लगाएतका कुराहरु समेत ध्यानमा राखी सञ्चालन गर्नुपर्दछ। पालिकाले उपाध्यक्षबाट गर्भवती तथा सुत्केरी पोषण वितरण कार्यक्रमबाट रु.५ लाख सुत्केरीहरुलाई काजु तथा हर्लिस विरतण गरेको बिल भरपाईका आधारमा खर्च लेखेको छ । स्रेस्तासाथ संलगन फोटोबाट अण्डा र तेल वितरण गरेको देखिन्छ । बिल, भरपाई र फोटोमा तालमेल नदेखिनुले कार्यक्रमको पुष्टी हुने अवस्था छैन । यस सम्बन्धमा पालिकाले सत्यतथ्य छानविन गरी नियमीत गर्नुपर्ने रु.

अनियमित भएको	५,००,०००

३६ **कम्प्युटर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) वमोजिम दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा माल सामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ । तर पालिकाले पटक पटक सीमाभन्दा बढीको खरिद एकै फर्म निशान कम्प्युटरसँग सिधै खरिद गरेको अनियमित रु…..

गो.भौ. नं./ मिती	विवरण	संख्या	रकम
२७५- ०८०।०१। २२	Asus I५ Laptop ८ / २५६	१	९८९९०
	Asus I३ Laptop ८ / २५६	१	७४७५०
१६२- ०७९।०९। २०	Dell Laptop	२	९२४०००
	Asus I५ Laptop ८ / २५६	७	
	Asus I५ Laptop ८ / २५६	१	११६६००
जम्मा			१३५२३४०

अनियमित भएको	१३,५२,३४०

३७ **भ्रमण भत्ता**

कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायका पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता रु.४३,२००/- भुक्तानी गरेको हुदा पालिकाले अन्यको समेत छानविन गरी असूल गर्नुपर्ने रु.

गो. भौ . नं / मिति	नाम/ थर	भ्रमण मिती	भ्रमण स्थान	भुक्तानी रकम
१०१- ०७९।०९।०१	दुदा रोकाय	०७९।०५।२६- ६।१	बढी भुक्तानि	८७५०
३८७- ०८०।३।२४	नरेन्द्र बहादुर शाही	०८०।१।८- १।१४	दुनै	२०७५०
१३७- ०७९।०९।२७	टंक हमाल	०७९।०४।३०- ०७९।०५।२५	बोर्डिङ्ग पास नभएको	१३७००
			जम्मा रु	४३२००

असुल गर्नुपर्ने	४३,२००

३८ **टावर संरक्षक**

३६-०७९।०६।०८ विकट क्षेत्रमा समेत सेवा प्रदानको लागि नाफा नहेरी आफ्नो सेवा प्रवाह गर्नु टेलिकमको संस्थागत सामाजिक उत्तरदायित्व रहन्छ । सरकारको नीति बमोजिम सेवा प्रवाह गर्ने दायित्व रहेको संस्थाको टावर संरक्षणको लागि कालिका(पातिहाल्न) र ओक्टलेकमा २ जना कर्मचारी परीचालन गरी मासिक रु.६०००। पारिश्रमिक भुक्तानी गरेको छ । नाफामुलक संस्थाले आफ्नो सम्पतिको लागि आफै सुरक्षा प्रदान गर्नु पर्नेमा प्रावधानलाई प्रवाह नगरी पालिकाले वित्तीय समानिकरणबाट प्राप्त वजेटबाट वार्षिक रु.१,४४,०००/- खर्च गर्नु कानून सम्मत देखिदैन। पालिकालाई अनावश्यक भार पर्ने यस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **नगर प्रहरी**

स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले लाभ लागत बिश्लेषणका आधारमा खर्च गर्नु पर्दछ ।पालिकाले मिती २०७९ पुस देखी १ जना बरिष्ट गाउँ प्रहरी र २ जना गाउँ प्रहरी गरी जम्मा ३ जना प्रहरी कर्मचारी नियुक्ती गरी पोशाक तथा पारिश्रमिकमा रु.५,३०,६६०/- वित्तिय समानिकरणबाट खर्च गरेको छ। पालिकाको आन्तरिक आम्दानी, कामको प्रकृति, सुरक्षा चुनौति लगायतको बिश्लेषण नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण, सेवा सञ्चालन ऐन नियम वेगर कर्मचारी संख्या बढाई थप व्ययभार गर्नु अघि दीर्घकालीन स्रोतको व्यवस्थापन गरेको छैन । सेवा संचालन स्रोत वेगर लागत सिर्जना गर्ने काम बन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **एफ.एम सञ्चालन**

पालिकाले विभिन्न सञ्चार तथा सुचना प्रवाह तथा प्रसारणको लागि एफ.एम सञ्चालनमा ल्याएको छ । गाउँपालिकाको एफ.एम सञ्चालन गर्न २ जना कर्मचारी कार्यरत रही २०७९।८० मा रु. ५,२८,०००। खर्च गरेको देखिन्छ । पालिकाले विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजस्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट समेत निर्धारण नभएको अवस्था छ । उक्त एफ. एम. बाट आय शुन्य रहेको देखिन्छ । पालिकाले सूचनामुलक कार्यक्रम प्रसारण र प्रकाशनको लागि आफ्नै रेडियोको अधिकतम उपयोग गर्नुपर्नेमा अन्य मिडियामा विज्ञापन दिने गरेको देखिन्छ । अतः पालिकाले एफ.एम व्यवसायिक तरिकाले सञ्चालन गरी एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै एफ. एमको आय व्ययको लेखा राखी गाउँपालिकाको अतिरिक्त व्ययभार घटाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **भुक्तानी भरपाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) ले सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न गरी सो अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले कन्टिन्जेन्सीबाट विवध रकमको भुकतानी गरेकोमा सोनामी शाहीको नाममा रु.६,२४,१२७।० खर्च लेखेकोमा सो रकम भुक्तानी/ बितरण भरपाई संलग्न गरेको नदेखिएकोले प्रयोजन पुष्टी हुने बिल भरपाई वा असुल दाखिला प्रमाण पेश गर्नुपर्ने रु….

प्रमाण पेश नगरेको	६,२४,१२७

४२ अन्य कार्यालयको खर्च

५१-२०७९।११।१५ स्थानीय सरकार संचालन ऐन, २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ तथा मुड्केचुला गाउँपालिकाको विनियोजन ऐन, २०७९ मा अन्य निकाय तथा कार्यालयको खर्च भुक्तानी गर्ने सम्बन्धमा व्यवस्था गरेको छैन । तर पालिकाले राष्ट्रिय वाणिज्य बैक, मुड्केचुला शाखालाई सोलार व्यवस्थापन गर्नका लागि रु.३,५०,०००/- भुक्तानी दिएको छ । उक्त शाखा बैक छुट्टै कानूनद्धारा स्थापना भएको, संचालन तथा व्यवस्थापन गर्ने विधि, पद्धति समेत छुट्टै भएको सार्वजनिक संस्थानको शाखाको लागि भएको भुक्तानी दिन मिल्ने नदेखिएको रु.

अनियमित भएको	३,५०,०००

४३ जग्गा प्राप्ति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ ले खर्च पुष्टी हुने प्रमाण सहित स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको भवन निर्माणको लागि ४१ जना दाताबाट पालिकाले जग्गा लिएको जनाएको छ। पालिकाको भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्तिको लागि पालिकाले ४१ जना जग्गा दातालाई मालपोत कार्यालय दुनै लैजान, खाजा खाना, फर्कने समयमा गाडी भाडा वापत प्रतिदाता रु.५,०००/- हजार भुक्तानी समेत रु.६ लाख खर्च गरेको छ। पालिकाले जग्गादाताले प्रदान गरेको जग्गा पालिकाको स्वामित्तको नाममा हस्तान्त्ररण भएको प्रमाणित हुने जग्गाधनी पूर्जा लगाएको प्रमाण कागजात संलग्न गरेको छैन। तसर्थ उक्त जग्गा पालिकाको नाममा हस्तान्त्ररण भएको कागजात पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,००,०००

४४ संझौता बेगर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) ले सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न गरी सो अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले गुडलक मिडिया प्रा.लिलाई पोष्ट प्रोडक्शन, सम्पादन, प्रोडक्सन तथा अन्य खर्च समेतका लागि रु.२,२४,०००।० भुक्तानी गरेकोमा कुन काम र प्रयोजनका लागि उक्त रकम भुक्तानी गरेको भन्ने संझौता संलग्न गरेको नदेखिनुका साथै खर्चको प्रयोजन समेत स्पष्ट नदेखिएकोले खर्च पुष्टी गर्ने आवश्यक प्रमाण पेस हुनुपर्ने रु...

प्रमाण पेश नगरेको	२,२४,०००

४५ किराना समान खरिद

आर्थिक कार्यविधि तथा वित्तियउत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) ले सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न गरी सो अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले कन्टिन्जेन्सीबाट विभिन्न बिलको भुक्तानी गरेकोमा वशिवलाल बुढामार्फत नमुना होटल एण्ड गल्ला किराना पसललाई दाल, चामल लगायत किराना सामान खरिदबापत विभिन्न बिलबाट रु.९५,३००।० भुक्तानी गरेकोमा उक्त सामान कस्का लागि कुन प्रयोजनका लागि खरिद भएको पुष्टी हुने कागजात संलग्न नगरेको उक्त खर्च औचित्यपूर्ण नदेखिएकोले खर्च स्वीकृत गर्ने पदाधिकारिलाई जिम्मेवार बनाई सो रकम राजस्व फिर्ता भएको प्रमाण पेस हुनुपर्ने रु...

प्रमाण पेश नगरेको	९५,३००

४६ **विजक नं. केरमेट**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मले तोकिएको ढाँचामा सिलसेवार नं. सहितको कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी दिनेश निर्माण सेवा(३०१५७५८२३) ले २०८०।०१।१३ मा जारी विजकको नं. केरमेट गरी मार्करबाट ४ नं. बनाई रु.२३,६१,७००।० मध्ये मूल्य अभिवृद्धि कर रु.२,७१,७००।०० भुक्तानी लिएकोले सो रकम कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	२,७१,७००

४७ **कर विजक**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मले तोकिएको ढाँचामा सिलसेवार नं. सहितको कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायी गौचन निर्माण सेवाले २०७९।१२।१० विजक नं.१ उल्लेख भएको कम्प्युटरबाट प्रिन्ट भएको बिलबाट रु.२१,५१,८४६।० भुक्तानी लिएकोमा मूल्य अभिबृद्धि कर रु.२,४७,५५७।० भुक्तानी भएको देखिएकोले सो रकम कर समयोजन भएको प्रमाण पेश हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	२,४७,५५७

४८ **सक्कल तथा वेरितको बिल पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने रित पूर्वकको बिल, भरपा्इ एवं प्रमाण कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यावसायी क्रिष्ट एण्ड क्रिषटिना निर्माण सेवालाई होर्त खोला हुदै ओक्टो जाने सडक निर्माणको डोजर भाडा भुक्तानी गर्दा २०८०।०३।२१ को विजक नं.६ को छायाँप्रति विल संलग्न गरी रु.४२,३८,५४१।० भुक्तानी गरेकोले सोमा थप गरेको मुल्य अभिबृद्धि कर रु.४,८७,६२०।० समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु....

प्रमाण पेश नगरेको	४,८७,६२०

४९ **जग्गा पास खर्च**

२०७९।६।७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले जग्गा रजिष्ट्रेशन गर्दा ओम लेखापढी कानूनी सेवा ठूलीभेरी-३ बाट कानूनी सेवा लिएबापत ओमेन्द्र बहादुर के.सीलाई रु.३ लाख भुक्तानी गरेकोमा ओम लेखापढी कानूनी सेवाबाट सेवा लागत खुल्ने विल भरपाई पेश भएको छैन । जग्गा रजिष्ट्रशन लिखतका लागिमात्र सो शुल्क निर्धारण आधार सहितको विल भरपाई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,००,०००

५० **फर्निसिङ्ग सामान खरिद**

आर्थिक कार्थिविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०८०।३।१९ मा प्रिन्सी फर्निसिङ हाउस (३०५४८७६३८) बाट रु ३,४९,९९९।९९ को कुर्सी लगायत फर्निसिङ सामानहरु खरिद गरेकोमा

श्रीया इन्टेरिया इण्ड्रष्टी प्रा.लि.लाई रकम भुक्तानी दिएको देखिएकोले सम्बन्धित फर्मले रकम बुझिलिएको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,४९,९९९.९९

५१ **खर्चको पुष्टयाई**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) बमोजिम सरकारी निकायबाट कुनै कार्यक्रमको लागी रकम खर्च गर्दा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्दछ । साथै उपनिय ८ बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालीन कार्यक्रम सम्पन्न भैसकेपछी त्यस्तो कार्यमा त्यस्तो कार्यमा भएको खर्च, खरिद गरेको मालसामानको वितरण तथा बिल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रममा उपस्थीत तथा कार्यक्रमबाट लाभान्वीत व्यक्तीको संख्या उपस्थिति समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्दछ। पालिकाले गो.भौ.न २६१।०८०।१।८ कार्यालय संचालन खर्च शिर्षकबाट बाराकोटे लक्ष्मण होटल र खेलराज शाही एण्ड पुजा शाही होटलको खानाको विल संलग्न गरी भुक्तानी गरेकोमा खर्चको औचित्यता पुष्टि हुने आधार पेश नभएको हुदा उक्त रकम असुल हुनुपर्ने रु...

प्रमाण पेश नगरेको	१०,००,७६०

५२ **वैठक भत्ता**

२००-०७९।११।२६ कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११ को (१) को उपदफा (२) बमोजिम उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी वैठकको भत्ता लिन नपाइने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका पदाधिकारीलाई रु.२५,५००/- वैठक भत्ता भुक्तानी गर्दा एक महिनामा तीनवटा भन्दा बढी वैठकको भत्ता भुक्तानी गरेको हुदा बढी दिने तथा लिने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

पदाधिकारीको नाम थर	पद	बढी भुक्तानी रकम
तिर्थराज महतारा	नि. प्रमुख प्रशासकीय अधिकृत	२५५०
बाग बहादुर बुढा	वडा अध्यक्ष	२५५०
गोर्ख रोकाया	वडा अध्यक्ष	२५५०
दिलिप कुमार बुढा	वडा अध्यक्ष	२५५०
जलसरि बुढा	कार्यपालिका सदस्य	२५५०
लिला पुन सुनार	कार्यपालिका सदस्य	२५५०
मायादेवि वोहोरा	कार्यपालिका सदस्य	२५५०
जग बहादुर सार्की	वडा अध्यक्ष	१२७५
कृत्ती बुढा	वडा अध्यक्ष	१२७५
ईच्छा बहादुर शाही	वडा अध्यक्ष	१२७५
दत्त बहादुर बुढा	वडा अध्यक्ष	१२७५
मनकोईलि शाही ढकुरी	कार्यपालिका सदस्य	१२७५
देव बहादुर परीयार	कार्पालिका सदस्य	१२७५
जम्मा		२५५००

असुल गर्नुपर्ने	२५,५००

५३ **दोहोरो भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा भ्रमण खर्चको सुविधा लिने प्रयोजनका लागि झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलव भत्ताबाट कट्टा गरी निजलाई कारबाही समेत गरिने व्यवस्था छ ।गो.भौ.नं. २१,२०७९।०८।२३ बाट तीर्थराज महताराले २०७९।०५।१९ देखि ५।२५ सम्मको गाउँपालिका चालु र शशर्त अनुदान चालुबाट दोहोरो भ्रमण भत्ता रु.२४,०००/- बुझिलिएकोले नियमानुसार दोब्वर रकम असुल गर्नुपर्ने

असुल गर्नुपर्ने	४८,०००

५४ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । करार सेवाको कर्मचारी पारिश्रमिक समेत पालिकाले कर्मचारी पारीश्रमिकबाट भुक्तानी गरेको छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता

रु.१,२७,२६,२४०।० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

पद	संख्या	रकम
अ.न.मी.	१	३१९३२०
अ.हे.ब.	७	२२३५२४०
अप्रेटर	२	५५४४००
असिस्टेण्ट सब ईन्जिनियर	७	२५९२७२०
कानुनी सहायक	१	३१९३२०
चौकिदार	१	१२००००
ना.प्रा.स.	५	१५९६६००
बैध	१	३१९३२०
लेखा सहायक	१०	३१९३२००
ल्याव टेनिसियन	१	३३८४००
सब ईन्जिनियर	१	३३८४००
सहायक	३	७९९३२०
जम्मा		१२७२६२४०

अनियमित भएको	१,२७,२६,२४०

५५ **सबैका लागि दिगो खानेपानी(SUSWA)**

नेपाल सरकार र फिण्डल्याण्ड सरकार बीच २१ नोभेम्बर, २०२१ मा संझौता भई खानेपानी तथा ढल व्यवस्थान विभाग र पालिका बीच मिति २०७९।३।६ मा संझौता भई सबैको लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता(SUSWA) आयोजना कार्यान्वयनमा आएको छ । पालिकामा यस वर्ष उक्त आयोजना संचालन गरी फिन्डल्याण्ड सरकारको रु. २,५५,०१,७४०, नेपाल सरकारको रु. ९६,८४,६२३/- र पालिकाको रु. ९०,०६,३१२/- गरी जम्म रु. ४४१९२६७५/- खर्च गरेको छ

क्र.सं.	योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न	समितिको योगदान	भुक्तानी रकम
१	श्री मष्टाभवनी बालविकास शौचालय निर्माण	१०३८८२५	९९२२९३	५९५३७	९३२७५६
२	नर्कु खानेपानी तथा सरसफाई योजना	९२२२१६१	७५३५८४०	१८६७८०७	५६६८०३३
३	वाईगाउँ औल खानेपानी योजना	५१२८१३६	४६३८४८०	१०३३४८०	३६०५०००
४	सार्मी खानेपानी योजना	११४५९६२२	९३३३९७२	२५६९९७२	६७६४०००
५	चन्दननाथ विद्यालय खानेपानी योजना	१३१७१२०	११९०८८९	२३८८८९	९५२०००
६	ईल खानेपानी तथा सरसफाई योजना	११३६०८८६	९१३९००२	२३२९००२	६८१००००

क्रम संख्या २, ४ र ६ क्रमागत योजनाहरु हुन । उक्त निर्माणकार्य सालवसाली संझौता भएकोमा पालिकाले उपभोक्ता समितिसँग संझौता वमोजिमको कार्य सम्पन्न गरिनु पर्दछ

सैद्धान्तिक बेरुजु

५६ **होर्तो खोला ओक्टो लेक सडक**

होर्तो खोला हुदै ओक्टोलेक सम्मको ०+००० देखि ०+९४० किलोमीटर सडक ट्र्याक खोल्नका लागि मूल्य अभिबृद्धि करबाहेक रु.८३,५७,७८०।० लागत अनुमान स्वीकृत गरी बोलपत्र भएकोमा ठेक्का नं.३ का लागि प्राप्त ४ बोलपत्र मध्ये न्यून कबोल गर्ने निर्माण व्यवसायी दिनेश निर्माण सेवासंग मूल्य अभिबृद्धि करबाहेक रु.१७,७८,३२३।० मा २०८०।०३।१० सम्ममा कार्य सम्पन्न गर्नेगरी संझौता भई रु.१७,८६,५१४।० भुक्तानी भएको पाइयो । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

५६.१ **आयोजना विस्तृत प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (३) मा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र गर्न नहुने व्यवस्था छ भने वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहको अधिकारक्षेत्र पर्ने विकास निर्माण सम्बन्धी आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकायबाट स्वीकृत गरानु पर्ने व्यवस्था रहेको छ । होर्तो खोला हुदै ओक्टोलेकसम्म जाने सो सडकको वातावरणीय अध्ययन तथा आयोजना बिस्तृत प्रतिवेदन पेश हुन आएन। सो सडकका विभिन्न चेनेज निर्माणका लागि यसै वर्ष २ उपभोक्ता समितिमार्फत रु.६० लाख र ४२ लाख ७५ हजारको कार्य सम्पन्न भएको जनाई भुक्तानी दिएको छ ।प्राविधिकले सडकको तीनवटै खण्डका लागि ०+००० बाट शुरु चेनेज देखाई नाँप गरेको कारण सडकको कुल लम्बाई र प्याकेज एकिन गर्न सक्ने अवस्था छैन । आयोजना प्रतिवेदन वेगर कुल लागत र सयम समेत एकिन गर्न नसकिने गरी विभिन्न खरिद माध्यमबाट

टुक्याई निर्माण कार्य गरेको तथा चनेज एकिन नभई निर्माण कार्यको दोहोरो भुक्तानी नभएको भन्ने आधार समेत देखिदैन । आयोजनाको बिस्तृत प्रतिवेदन वेगर निर्माण भएको उक्त सडक निर्माण कार्यको हालसम्म भएको लगानी र चेनेजहरु पुन एकिन गरी सडकको बास्तविकता सुनिश्चित गरेरमात्र बाँकी निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६.२ **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाईका कारण संझौता बमोजिम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा संझौता रकमको शुन्ना दशमलव शुन्ना ५ प्रातिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले संझौता भन्दा १० दिन ढिलागरी काम सम्पन्न भएको निवेदन दर्ता गरेकोमा नियमको उक्त व्यवस्था अनुसार संझौता रकम रु.१७,७८,३२३।० को शुन्ना दशमलव शुन्ना ५ प्रातिशतले हुने १० दिनको रु.८,८९१।६१ पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने रु.....

असुल गर्नुपर्ने	८,८९१.६१

५६.३ **कार्य सम्पादन जमानत म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधि अर्थात १३ महिना अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले होर्तो खोला हुदै ओक्टोलेक सडक निर्माणका लागि निर्माण व्यवसायी दिनेश निर्माण सेवासंग लिएको(०३०-२२-०६५ PB) कार्यसम्पादन जमानत रु.२७,५१,२१४।- कार्य सम्पन्न भएको अवधी २०८०।०३।२० भएकोमा सम्झौत अनुसार जमानतको म्याद २०८१।०४।२० हुनुपर्नेमा २०८०।०२।२५ सम्ममात्र भएकोले त्रृटी सच्याउने अबधि सम्मको कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६.४ **पीएस रकम भुक्तानी** : निर्माण व्यवसायीसंग भएको संझौता अनुसार प्रोभिज्नल सममा भएको खर्चको बिल भरपाई पेश गरेपछि बिल बमोजिम भुक्तानी गर्नुपर्दछ । होर्तो खोला हुदै ओक्टो लेक सडक निर्माण कार्यको बिल भुक्तानी गर्दा बिमा बापतको पीएस रकम रु.८१,५००।– भुक्तानी गरेकोमा बिल संलग्न गरेको नदेखिनुका साथै बीमा गरेको समेत नदेखिएकोले उक्त रकम असुल फिर्ता हुनुपर्ने रु....

असुल गर्नुपर्ने	८१,५००

५६.५ **चेनेज बाहिर सडक बिस्तार** : सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ७ दफा ५२(२ ख) मा सार्वजनिक निकायले खरिद सम्झौता र सोको सर्त वमोजिम सम्झौतामा तोकिएको कार्य क्षेत्र अनुसार निर्माण कार्य गर्नुपर्दछ । सोही ऐनको दफा ५७ वमोजिम सार्वजनिक निकायले विल विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रहि तोकिए वमोजिम दिनुपर्ने उल्लेख छ । पालिकाले होर्तो खोला हुदै ओक्टोलेक सडकको चेनेज ०+००० देखि ०+९४० सम्मको सडक कटिङ्ग गर्नेगरी लागत अनुमान तयार गरी बोलपत्र भएकोमा संझौता पछि सो भन्दा अघिल्लो चेनेज ०+९४० देखि ३+०३० सम्मको कटिङ्ग गरी वोलपत्रमा भएको संम्झौता चेनेज बाहिर सडक कटिङ्ग गराई सो अनुसार भुक्तानी गरेको छ । तोकिएको चेनेजको लागत अनुमान अनुसार बोलपत्र गरी सम्झौता भए पछि सोही वमोजिमको कार्य क्षेत्रमा कार्य सम्पन्न गर्नुपर्नेमा चेनेज भन्दा बाहिर काम

गर्न अनुमति दिने पदाधिकारीलाई जिम्मेवार बनाई संझौत भन्दा वाहिरको चनेज (अर्थात ०+९४० देखि ३+०३०) मा कार्य गरि रु. १६,४३,६१२।०० भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१६,४३,६१२

५७ **खेलमैदान निर्माण**

३५-२०७९।३।८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माणको लागत अनुमान तोकिएबमोजिमको नर्म्स प्रयोग गरी तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नं. ८ को खेलकुद पूर्वाधार निर्माण कार्यको लागत अनुमान तयार गर्दा Vertical MS Iron Angle post को स्वीकृत नर्म्स तथा दर विश्लेषण संलग्न गरेको छैन । खेलकुद पुर्वाधार निर्माण कार्यको नापी कितावको क्रम संख्या ३ मा Vertical MS Iron Angle post संख्या ७१ वटा एङ्गलको १७४१ किलोग्रामको प्रतिकिलो रु.२८१.६१ का दरले रु.४,९०,२८६/८३ भुक्तानी भएको पाइयो । पालिकाले प्रयोग गरेको स्वीकृत नर्म्स तथा दर विश्लेषणको आधार पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९०,२८६.८३

५८ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP२)**

पालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम विचमा मिति २०७९।६।२ मा संझौता भई देहायका योजनाहरु लागत साझेदारीमा संचालन गरी यस वर्ष रु. ९०,०६,६४६/- भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छनः

क्र.सं.	योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न	भुक्तानी रकम
१	काशिलखोला तटवन्धन तथा वृक्षारोपण	९३६२४६०	७४८९२५२	६३५३६४६
२	ठुला खोला देखि दयारचौर कृषि योग्य जमिन घेराबार निर्माण	३५२७९३८	३०१९९०२	२६५३०००
	जम्मा	१२८९०३९८	१०५०९१५४	९००६६४६

५८.१ झूला खोला देखि दयार चौर घेरबार निर्माणमा कार्य सम्पन्न प्रतिवेदनमा रु. ४०,०००/- को MS Grill Gate र रु.१५,०००/- को Tools cost मूल्यांङ्कनको साथै UC Management तर्फ रु. ४,९५०/- को बिल भरपाई पेश भएको नदेखिएकोले कम विल भरपाई पेश भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४,९५०

५८.२ काशिलखोला तटबन्धन निर्माण योजना निर्माणमा कार्यक्रमतर्फ ६९.४३ प्रतिशत, पालिकाको ११.०२ प्रतिशत र उपभोक्ता समितिको योगदान १४.५५ प्रतिशत खर्च व्यहोर्ने गरी योजनको संझौता भएको छ । यस वर्ष उक्त निर्माण कार्यको विल अनुसार रु.७४,८९,२२५/- को निर्माण कार्य भएको छ । संझौता बमोजिम कार्यक्रम तर्फको रु.५१९३०२८/- खर्च हुनुपर्नेमा रु.५७,१३,६४६/- भुक्तानी भएकोमा संझौता अनुसारको अनुपात भन्दा कार्यक्रमतर्फको रकम रु.५,२०,६१८/- बढी भुक्तानी भएको पाईयो । संझौताको अनुपातभन्दा बढी भुक्तानी रकम पछिल्लो रनिङ विलमा समायोजन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८.३ निर्माण कार्यको भुक्तानीमा bio Engineering तर्फ रु.३०,०००/- र Safety tools तर्फ रु.३८,५००/- भुक्तानी भएकोमा रु.२७,७५०/- को मात्र विल भरपाई प्राप्त भएको पाइयो । निर्माण कार्य सम्पन्न नहुँदै Bio Engineering तर्फको रकम भुक्तानी दिन उपयुक्त नदेखिनुका साथै रु.४०,७५०/- विल भरपाई पेश नभएको रकम असुल हुनुपर्ने रु.

सैद्धान्तिक बेरुजु

५८.४ झूला खोला देखि दयार चौर घेरबार निर्माणमा कार्यक्रमतर्फ ७८.३९ प्रतिशत, पालिकाको ९.४८ प्रतिशत र उपभोक्ता समितिको योगदान १२.१३ प्रतिशत खर्च व्यहोर्ने गरी योजनको संझौता भएको छ । यस वर्ष उक्त निर्माण कार्यको विल अनुसार रु.३०,१९,९०२/- को निर्माण कार्य भएको छ । संझौता बमोजिम कार्यक्रम तर्फको रु.२३,६७,३०२/- खर्च हुनुपर्नेमा रु.२५,००,०००/- भुक्तानी भएकोमा संझौता अनुसारको अनुपात भन्दा कार्यक्रमतर्फको रकम रु.१,३२,६९८/- बढी भुक्तानी भएको पाईयो । संझौताको अनुपातभन्दा बढी कार्यक्रम तर्फको व्ययभार भएको रकम रु. ......

असुल गर्नुपर्ने	१,३२,६९८

५८.५ झूला खोला देखि दयार चौर घेरबार निर्माण योजनाले थापा हार्डवेयर सप्लायर्सको रु.१६७,७६४.६२ र रु.३८,०००/- गरी जम्मा रु.१९५,७६४/- को कर विजक सिलसिलेवार नभए हस्तलिखित कर विजक पेश भएकोले उक्त उक्त रकमको कर समायोजन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२२,५२१

५८.६ जलवायु परिवर्तन सम्बन्धी कार्यक्रममा यस वर्ष रु.५,००,०००/- खर्च भएकोमा रु. ४,९६,३०८।– को विलभरपाई पेश भएको छ । खर्च भन्दा कम विल भरपाई पेश भएको रकम असुल उपर गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,६९२

५९ रिटेनिङ वाल ठेक्का

अन्नपूर्ण माविले नमुना विद्यालय पूर्वाधार कार्यक्रमबाट विद्यालयक्षेत्र भित्र रिटेनिङ्ग वाल निर्माणको लागि मिति २०७९।१०।१९ मा रु.७९,५१,७३०/-(मूल्य अभिबृद्धी कर बाहेक) मा निर्माण व्यवसायी श्री दर्शन एण्ड दिगदर्शन निर्माण सेवासँग संझौता गरी कार्य गरेको सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छनः

५९.१ **भेरिएशन नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको अरिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा उत्पन्न भएमा सम्झौता रकमको २ प्रतिशत वा आइटमको २५ प्रतिशत वढि भएमा निर्माण कार्यको ड्रईङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा सहित भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण समेत खुलाई तोकिए वमोजिम भेरिएसन गर्नुपर्ने व्यवस्था छ । बिद्यालयले निम्न अनुसारका आइटममा तोकिएभन्दा बढी/घटी परिमाणको भुक्तानी गरेकोमा नियमानुसार प्राविधिक पुष्ट्याई हुने प्रमाण संलग्न गरेको छैन । लागत अनुमान भन्दा आरसिसिको परिमाण घटेको अवस्थामा सोसंग सम्बन्धित डण्डी र फर्माको काम बढेको नाँपी किताबबाट देखिन्छ । वालमा प्रयोग भएको डण्डीको परिमाण बिश्लेषणसिट संलग्न नगरी सम्बन्धित आइटमको अस्वभाविक नाँप देखाई भेरिएशन हुनुपर्ने आधार प्रमाणवेगर भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले आवश्यक पुष्टयाई पेश गरी सम्बन्धितबाट स्वीकृत नगराई भुक्तानी दिन मिल्ने नदेखिएको रु...

क्र.सं.	कामको विवरण	विओक्यूमा उल्लेख भएको परिमाण (घन मिटर)	बास्तविक कार्य (घन मिटरमा)	फरक परिमाण कार्य(घन मिटर)	प्रति घ.मि. दर रु.	वढी/घटी रकम	वढी/(घटी) प्रतिशत
१	E/W excavations in foundations	३० घ.मि.	१४६.२५	११६.२५	६००	६७७५०	३८७.५
२	Dry Stone soling works	२.९७	११.७	८.७३	५०००	४३६५०	२९३.९३
३	PCC in १ : २ : ४	२.९७	७.८	४.८३	३००००	१४४९००	१६२.६२
४	RCC work १ : १ . ५ : ३	९०.४९	५७.६	३७.३५	३५०००	-११५११५०	-४१.२७
५	Reinforcement work in different level	१८३७.३५	२४८२.९२	६४५.५७	८००	५१६४५६	३५.१
६	Frame work in different level	९०.७५	१४४	५३.२४	१०००	५३०००	५८.६७
७	Work out side & inside with ratio १ : ४	२७२.२५	३७०	९७.७५	१००	९७७५०	३५.९
	जम्मा					२०७४६५६	

अनियमित भएको	२०,७४,६५६

५९.२ विद्यालयले प्रकाशित गरेको वोलपत्र सूचनाको आधारमा ८ वटा वोलपत्र दर्ता भएकोमा वोलपत्र मूल्यांकन समितिले site visit letter पेश नगरेको कारण उल्लेख गरी ७ वटा वोलपत्र सारभूत रुपमा प्रभावग्राही नदेखिएको उल्लेख गरी ६.१६ प्रतिशत घटी चौथो न्यून कबोलकर्ता दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई छनोट गरेको देखियो । वोलपत्रको सूचना तथा वोलपत्र कागजातमा उक्त letter अनिवार्य पेश गर्ने सम्बन्धमा उल्लेख गरेको देखिएन । यस कार्यको लागि वोलपत्रदाताहरुले न्यूनतम ४१.२ प्रतिशतसम्म घटी कवोल गरेको देखियो । यसरी site visit letter पेश नगरेकै कारणबाट रु.२९,६८,३३५/- थप व्ययभार पर्न गएको औचित्यपूर्ण देखिदैन ।

अनियमित भएको	२९,६८,३३५

५९.३ नमूना विद्यालयः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्वीकृत गुरु योजना बमोजिम प्रथम किस्ताको विल भरपाई प्राविधिक मुल्याङ्क प्राप्त भएपछि दोश्रो किस्ता रकम निकासा गर्ने र अन्तिममा कार्यसम्पन्न भएपछी अन्तिम किस्ता

रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नमुना विद्यालय कार्यक्रमबाट रु.१,१०,००,०००/- भुक्तानी भएकोमा रु.९६,५४,०६३/- मात्र प्राविधिक विल भरपाई पेश भएको छ । खर्च नभई बाँकी रकम रु.१३,४५,९३६/- संघीय संचितकोष फिर्ता गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	१३,४५,९३६

५९. **कार्यसम्पन्न प्रतिवेदन** - राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । यस वर्ष देहायको विद्यालयले भवन निर्माण वापत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भुक्तानी भएको रकमको लागत अनुमान, नापी किताव, भुक्तानी विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । उक्त निर्माण कार्य तोकिएको समयमा सम्पन्न गरी पालिकामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु......

गो.भौ.नं.	विद्यालयको नाम	भुक्तानी भएको रकम
३७-२०८०।३।१२ र १०-२०७९।९।१८	श्री रारा आधारभुत विद्यालय	२७५००००
९-२०७९।९।१७, ३३-२०८०।२।३१ र ५२-२०८०।३।२२	श्री कालिका मावि	५५०००००
	जम्मा	८२५००००

प्रमाण पेश नगरेको	८,२५,०००

६० **प्रतिवेदन खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना बिस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । बिस्तृत आयोजना प्रतिवेदन तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

क्र स	कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएकोआयोजनाको लागत
१	प्रशासकीय भवन डिपिआर	जेनिसा निर्माण एण्ड इन्जिनियरिङ सोलुसन	११९८९३०	११०६९२५८३
२	पातिहाल्ना जडिवुटी अध्ययन केन्द्र	श्रृष्टि इन्जिनियरी कन्सल्टेन्सी	४९७२००	
३	खिडडिल चौरी फर्म अध्ययन केन्द्र	नेपाल डिजाइन सेल एण्ड इन्जिनिरयरिङ	४९३८१०	
		जम्मा	२१८९९४०	

सैद्धान्तिक बेरुजु

६१ **ओलिङ देखि खर्कसम्म बाटो निर्माण**

२७-२०८०।९।१३ मुड्केचुला गाउँपालिका विनियोजन ऐन, २०७९ मा ओलिङ्ग देखि खर्क सम्म मोटर बाटो निर्माणका लागि रु.२८ लाख विनियोजन भएको छ । पालिकाले स्वीकृत कार्यक्रम तथा योजनाहरु संचालन गर्नु पर्नेमा योजना अनुसार मोटरबाटो निर्माण नगरी घोरेटो बाटो निर्माण गरी उपभोक्ता समितिलाई रु.२६,२४,४००/- भुक्तानी भएको संलग्न कागजातबाट पाइयो । पालिकाले मोटर बाटो निर्माणको लागि विनियोजन गरेको बजेट घोरेटो बाटोमा खर्च गरेकोमा कार्यक्रम संशोधन गरेको छैन ।

सैद्धान्तिक बेरुजु

६२ **पूँजीगत खर्चबाट चालू प्रकृतिको खर्च**

१४२-२०७८।३।२२ पालिकाले वडा नं. १ देखि ८ सम्मका जेष्ठ ८० जना नागरिकहरुलाई हर्लिक्स, चेवनप्रास, तरकारी लगायतका पोषण सामाग्री तथा न्यानो कपडा लगायत १५ प्रकारका सामाग्री खरिद गरी रु.१० लाख मूल्यको सामाग्री वितरण गरेको पाईयो । पालिकाले पूँजीगत खर्च अन्तर्गत जेष्ठनागरिक भवन संचालन तथा व्यवस्थापनमा शीर्षकमा बजेट विनियोजन गरी चालू प्रकृतिको वितरणमुखी कार्यक्रममा गरेको खर्च नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

६३ **बृद्धाश्रम भवन निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(घ) आयोजना वा कार्यक्रमको लागि वजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलव्धी हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रम

प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रदेश शसर्त अनुदानबाट रु.४६,५५,४४८।० को लागत अनुमान भएको बृद्धाश्रम निर्माण गर्न बोलपत्र भएकोमा ७ मध्ये न्यून कबोल गर्ने सारभूत प्रभावग्राही निर्माण व्यवसायी गौचन निर्माण सेवाको मूल्य अभिबृद्धिकर समेत रु.२१,७३,८५०।० को बोलपत्र स्वीकृत गरी रु.२१,५१,८४६।० भुक्तानी गरेको छ । उक्त भवन निर्माण सम्पन्न भएपनि प्रयोजन अनुसार उपयोग गर्ने कार्यविधि तयार भएको छैन । उक्त बृद्धाश्रम सञ्चालनका लागि आवश्यक जनशक्ति, व्यवस्थापन खर्च, आम्दानी खर्चको व्यवस्थापन, सञ्चालन मोडल आदिका लागि उपयुक्त कार्यविधि एवं स्रोत व्यवस्थापन गरी सो भवन उद्धेश्य अनुसार सञ्चालन गरी पालिकाले राखेको लक्ष्य प्राप्त गर्नेगरी लगानी प्रतिफलयुक्त बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६४ **उपभोक्ताबाट गर्ने काममा भारी उपकरणको प्रयोग**

६४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने, उपनियम (९क) मा हेभी मेशिनरी प्रयोग गरेमा उपभोक्तासंगको संझौता रद्द हुने र उपनियम (१३क) बमोजिम उपभोक्ता समितिसंगको संझौता रद्ध गरी उपभोक्ता समितिलाई भविश्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखि सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफरिस गर्नुपर्ने व्यवस्था छ । नियमको उक्त व्यवस्था पालना नगरी लागत अनुमान तयार गर्दा नै प्राविधिकले मेशिनबाट काम गर्नेगरी लागत अनुमान तयार गर्ने र उपभोक्ताले आफुले संझौता गरेका निम्न अनुसारको काममा निर्माण व्यवसायीको डोजर/एक्साभेटरको बिल राखि भुक्तानी लिएको छ । खरिद नियमावलीको बर्खिलाप हुनेगरी उपभोक्ता समिति खडा गरी निर्माण व्यवसायी दिनेश निर्माण सेवालाईमात्र रु.१ करोड ५१ लाख ५ हजार भुक्तानी दिएको अवस्था छ । नियममा उल्लेखित व्यवस्था पालना नगरी उपभोक्ताको कामको लागत अनुमान तयार गर्ने प्राविधिकलाई समेत जिम्मेवार बनाई उपभोक्ताको काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको प्रमाण संलग्न गरी नियमित भएको प्रमाण पेस हुनुपर्ने रु

क्र. सं .	योजनाको नाम	पालिकाले व्यहोर्ने रकम	कार्य सम्पन्न रकम	निर्माण व्यवसायीलाई भुक्तानी रकम
१	लामाचौर महादेव खोला सडक स्तरोन्नति	२५०००००	२३५८७८४	२३६१०००
२	गाडापारी धर्मशाला माडी सडक	१५०००००	१५६५१४१	१४१२५००
३	खोला हुदै ओक्टोलेक जाने सडक	६००००००	६२६९२७४	५६९५७४५
४	खर्क देखि रिटिङ्ग मोटरबाटो निर्माण	४७५००००	५२३९६९३	४७१६६२०
५	साढे जुध्ने देखि खिलडिल जाने सडक	५७०००००	६२६९२७४	५६३४८०१
६	खर्क हुदै रिटिङ्ग गाँउ जाने सडक	४२७५०००	४७०९४९९	४२३८५४१
७	होर्त खोला हुदै ओक्टो जाने सडक	४२७५०००	४६८३७११	४२१५३३९
		२९००००००	३१०९५३७६	२८२७४५४६

उपरोक्त योजनाहरु सञ्चालन सम्बन्धमा देखिएको थप व्यहोराहरु निम्न छन् ।

प्रमाण पेश नगरेको	२,८२,७४,५४६

६४.२सडक निर्माण कार्य जस्तो भौतिक पूवाधार निर्माण गर्दा प्रदेश तथा संघको आवधिक योजनासंग समन्वय गरी योजना बैकमा समावेश योजना छनौट गर्ने, योजनाको आयोजन बिस्तृत प्रतिवेदन तयार एवं स्वीकृत गर्ने लगायत प्रक्रिया वेगर सडक निर्माण कार्य गरेबाट निर्माण कार्य र आवधिक योजान तथा योजना बैकको समेत औचित्यपूर्ण हुने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

६४.३खर्क हुदै रिटिङ्ग गाँउजाने २ वटा सडक र होर्त खोला हुदै ओक्टो जाने २ वटा सडक तथा खर्क हुदै पुन रिटिङ्ग सडक निर्माणको काम टुक्रपारी सडक निर्माण गरेपनि सबै सडकको नाँप ०+००० बाट शुरु नाँप देखाएको तथा सडकको कुल लम्बाइ उल्लेख पनि नभएको र बिस्तृत आयोजना प्रतिवेदन प्राप्त नभएको अवस्थामा सडक निर्माणको काममा दोहोरो नपरेको भन्न सक्ने अवस्था देखिदैन । साथै सबै स्थानमा कडा माटो २० प्रतिशत र ढुङ्गा काट्ने कामको ८० प्रतिशत भार दिएपनि

सबै चेनेजमा ढंङ्गा माटोको प्रतिशत बराबर नहुने र कटिङ्ग तथा फिलिङ्ग कार्यको ड्रइङ्ग समेत संलग्न नभएबाट निर्माणाधिन सडकको परिमाण बिश्वसनीय देखिदैन ।

सैद्धान्तिक बेरुजु

६४. सडक निर्माणको लगत नराखि दीर्घकालीन रणनीति बेगर सडक सञ्जाल निर्माण गर्दा सो सडकको सञ्चालन एवं दिगोपनाका लागि पालिकासंग स्पष्ट कार्य योजना समेत नभएबाट निर्माण कार्यमा भएको लगानी वातावरणीय प्रभाव मूल्याङ्कन, सडकको उपयोग बाँकी निर्माण कार्यको लागि गर्नुपर्ने खर्च लगायत अन्य अवयवहरुको सामाञ्जस्यता मिलाई सडक निर्माणमा गरेको लागनी सदुपयोग हुनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६५ **सर्मि भालु हुँदै मौरे सडक**

४४-२०७९।९।१९ (गापा पूँजीगत) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने र नियम ९७(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्नुपर्ने कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले सर्मि भालु हुँदै मौरे सडक मर्मत कार्यमा मेशिनको नर्म्स प्रयोग गरी उपभोक्ता समितिलाई सडक मर्मत कार्यका लागि रु.१९,८८,०००/- भुक्तानी दिएको छ । मेशिन प्रयोग प्रमाण, इन्धन खरिद, मेशिनको भाडा भुक्तानी लगायतका प्रमाण संलग्न नगरी श्रमिकको डोर हाजिरमात्र पेश भएबाट निर्माण कार्य भएको पुष्टी हुने आधार देखिएन ।

सो सडकका लागि पूर्वाधार विकास कार्यालय, डोल्पाबाट समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरी चेनेज ०+००० देखि २२+६५२ सम्म ठेक्का व्यवस्थापन भई कार्य समेत भईरहेको र अन्य खण्डमा समेत उपभोक्ता समितिबाट काम गराएको पाइयो । यस उपभोक्ता समितिले चेनेज ०+००० देखि ३+४२० सम्म कार्य गरेको नापी पेश भएको छ । एउटै सडक दुई निकायबाट निर्माण कार्य गर्दा सडक क्षेत्राधिकार स्पष्ट देखिएन । दुबै निकायको नाँपीमा चेनेज ०+००० शुरु गरेबाट काममा दोहोरो भुक्तानी नभएको भन्ने आधार छैन । कानुनमा भएको व्यवस्था अनुसार क्षेत्राधिकार एकिन गरी एकद्वार प्रणालीबाट निर्माण कार्य गर्ने नीतिगत व्यवस्था गरी दोहोरो भुक्तानी भए/नभएको सम्बन्धमा पालिका जिम्मेवार भई नियमित गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१९,८८,०००

६६ **जल विद्युत निर्माण आयोजना साझेदारी कार्यक्रम**

पालिकाले बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग रु. २,५५,३३,००२।९७ लागत अनुमान भएको मुसेखोला लघुजलविद्युत आयोजना निर्माणका लागि पालिकाले १० प्रतिशत लागत साझेदारी गर्ने गरी मिति २०८०।१।३ गते संझौता भएको छ । संझौता अनुसार यस वर्ष पालिकाले वर्ष रु.५,००,०००/- केन्द्रमा निकासा पठाएको छ । उक्त निर्माण कार्यको केन्द्रबाट भएको खर्चको प्रविधिक विल तथा संझौता वमोजिम खर्च भएको प्रमाण लगायतका कागजात पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

६७ **अग्रीम कर कट्टी नभएको**

आय कर ऐन, २०५८ को दफा ८८ मा सार्वजनिक निकायले ५० लाख भन्दा बढीको भुक्तानीमा एक दशमलव पाँच प्रतिशतले कर कट्टा गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले असिम अटो पार्ट्सबाट मोटरसाईकल खरिद गरी मूल्य अभिवृद्धि कर सहित रु.३,९६,४३०/- भुक्तानी दिएकोमा अग्रीम कर कट्टी गरेको नदेखिएकोले कर दाखिला प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	५,२६२

६८ **सर्कीदिय लामा मन्दिर सिडी तथा घेराबार**

९७-२०८०।१।१३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) अनुसार भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भए बमोजिमको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले सर्कीदिय लामा मन्दिर सिडी तथा घेराबार कार्यको सि.नं. ५ मा PCC work in entrance gate column with ratio १:२:४ कार्यमा २६.०५ घन मिटरको भुक्तानी भएकोमा वास्तविक Stone masonry wall top level को लागत अनुमान अनुसार २.१ घन मिटर(३५×०.६×०.१) उल्लेख भएकोमा नापी किताव अनुसार २५.२ घनमिटर(३५×०.६×१.२) कार्य भएको जनाएको छ । गेटको top level मा stone masonry wall को उचाई १.२ मिटरको नापी देखाइएकोमा लागत अनुमान अनुसार उचाई ०.१ मिटर हुनुपर्नेमा लागत अनुमान भन्दा बढी उचाई देखाई २३.१ घन मिटरले बढी हुँदा प्रति घन मिटर रु.३०,९७३.८३/- का दरले बढी भुक्तानी देखिएको रु

असुल गर्नुपर्ने	७,१५,४९५

६९ **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ६८ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.१० करोड ५६ लाख ४९ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

६९.१ **कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२५ को उपनियम (२) मा निर्माण कार्य सम्पन्न भई त्रृटी सच्याउने दायित्वको अवधी सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य तोकीए बमोजिम भए नभएको सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका सम्पूर्ण निर्माण कार्यको कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन एकैपटक जारी गरेको कारण निर्माण कार्यको नियमानुसारका कार्य सम्पन्न प्रतिवेदन जारी भएको अवस्था छैन । निर्माण कार्यको त्रृटी सच्याउने अवधि समाप्त भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी संरचनाहरुको यथार्थता एकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.३ **उपभोक्ता समितिको योगदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमा लागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्ता समितिको अंश वा योगदान तोकिदिने गरेको छ । यसबाट उपभोक्ता समितिहरुले व्यहोर्ने योगदानमा एकरुपता देखिएको छैन । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरी निर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामा उल्लेख गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.३ **उपभोक्ता समितिको योगदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमा लागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्ता समितिको अंश वा योगदान तोकिदिने गरेको छ । यसबाट उपभोक्ता समितिहरुले व्यहोर्ने योगदानमा एकरुपता देखिएको छैन । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरी निर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामा उल्लेख गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.४ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.५ **निर्माण कार्यको दर बिश्लेषण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) संग सम्बन्धित अनुसूची –१ बमोजिम निर्माण कार्यको सम्बन्धित जिल्लाको स्वीकृत जिल्ला दरका आधारमा लागत बिश्लेषण गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई दिने सबै निर्माण कामको दर बिश्लेषण गर्दा मानिसबाट गर्ने कामको दर राखि दर बिश्लेषण गरी तयार भएको लागत अनुमान बमोजिम तोकिएको रकम उपभोक्ता समितिको बिल मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । जिल्लामा रहेका पूर्वाधार विकास कार्यालय लगायतले सोहि स्थानका लागि मेशिनबाट गर्ने कामको आधारमा दर बिश्लेषण गरेको अवस्थामा लागत अनुमान गर्ने प्राविधिकबाट सार्वजनिक खरिद गर्दा स्थानीय अन्य निकायबाट खरिद गरिने दरलाई ध्यान दिएको छैन । मेशिनबाट गरिने कामको लागत भन्दा मानिसबाट

गरिने कामको दर बढी भएको कारण उपभोक्ता समितिले गरेको कामको स्वत बढी लागत परेको छ । अधिकांश उपभोक्ताले मेशिनबाट काम गरेको भएपनि लागत अनुमान अनुसार मानिसबाट गर्ने दरमा भुक्तानी भएको कारण लागत प्रभावग्राही भएको देखिएन । लागत अनुमान मितव्ययी हुनेगरी तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.६ **निर्माण लगत ;** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६९.७ **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.८ **सार्वजनिक सूचना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार

खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९. **हस्तान्तरण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **सुरक्षित नागरिक आवास कार्यक्रम**

७०.१ सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि, २०७५ को दफा १७(२) अनुसार निर्माण कार्यको कन्टिन्जेन्सी रकम कार्य संचालन मितिको बैठक सञ्चालन, लागत इष्टमेट, मूल्याङ्कन, अनुगमन तथा सुपरिवेक्षण लगायतका कार्यमा खर्च गर्न सकिने व्यवस्था अनुसार कन्टिन्जेन्सी वापतको रू.३६,६५०/- एमआइयस अपरेटर सोनामी शाहीलाई भुक्तानी गरेकोमा खर्च पुष्टी गर्ने कागजात पेश नभएकोले असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३६,६५०

७०.२ सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग संझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पश्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ । पालिकाले यस कार्यक्रम तर्फ अन्तिम किस्ता वापत ७७ घरधुरीलाई जम्मा रु.१७,८९,८००/- रकम भुक्तानी गरेको पाइयो । भुक्तानी भएको रकम सम्बन्धमा निर्माण कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएको छैन । निर्माण कार्य सम्पन्न गरी अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१७,८९,८००

७१ **नविकरणीय उर्जा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई गराउने भएमा तोकिएको कार्यवविधि पुरा गरी उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने उल्लेख छ । पालिकाले वडा नं. ५ मा एक घर एक सोलार खरिद तथा वितरण कार्यक्रम अन्तर्गत वडामा रहेको सम्पूर्ण १०८ घर परिवारको लागि सोलार खरिद तथा जडान बापत रु. १८,९९,५००।– उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो ।

आर्थिक वर्ष २०७८।७९ मा सबै वडाका लाभग्राहीहरुलाई सोलार खरिदका लागि सौर्य इनर्जी प्रा.लीसँग रु.१,६७,१३,३४९/- संझौता गरी उक्त वर्ष ८० लाख र यस वर्ष रु.१० लाख भुक्तानी गरेको पाइयो । गत आर्थिक वर्ष मात्र सोही प्रकृतिको कार्यक्रम सबै वडाहरुको सबै घरधुरीलाई उहि कार्यक्रमका लागि पुन वजेट व्यवस्था गरी भुक्तानी दिएको सम्बन्धमा पालिकाले छानबिन गरी दोहोरो सुबिधा दिएको भए असुल गरी कानूनले तोकेभन्दा फरक प्रकृतिको लागि उपभोक्ता समितिबाट खरिद गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

अनियमित भएको	१८,९९,५००

७२ **सुर्मी देखि घुरेली सम्मको सडक**

सुर्मी देखि घुरेली सम्मको सडक सम्मको ०+००० देखि १+९२० किलोमीटर सडक ट्र्याक खोल्नका लागि मूल्य अभिबृद्धि करबाहेक रु.८३,०७,२१७।० लागत अनुमान स्वीकृत गरी बोलपत्र भएकोमा ठेक्का नं.२ का लागि प्राप्त ३ बोलपत्र मध्ये न्यून कबोल गर्ने निर्माण व्यवसायी दिनेश निर्माण सेवासंग मूल्य अभिबृद्धि करबाहेक रु.१८,४१,२९२।० मा २०८०।०३।१० सम्ममा कार्य सम्पन्न गर्नेगरी संझौता गरी निर्माण सम्पन्न भएको पाइयो । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

७२.१ **पीएस रकम भुक्तानी :** निर्माण व्यवसायीसंग भएको संझौता अनुसार प्रोभिज्नल सममा भएको खर्चको बिल भरपाई पेश गरेपछि बिल बमोजिम भुक्तानी गर्नुपर्दछ । सुर्मी देखि घुरेली सम्मको सडक निर्माण कार्यको बिल भुक्तानी गर्दा बिमा बापतको पीएस रकम रु.१,४४,२४६।– भुक्तानी गरेकोमा बिल संलग्न गरेको नदेखिनुका साथै बीमा गरेको समेत नदेखिएकोले उक्त रकम असुल फिर्ता हुनुपर्ने रु....

असुल गर्नुपर्ने	१,४४,२५६

७२.२ **कार्य सम्पादन जमानत म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधि अर्थात १३ महिना अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले सुर्मी देखि घुरेली सम्मको सडक निर्माणका लागि निर्माण व्यवसायी दिनेश निर्माण सेवासंग लिएको(०३०-२२-०६४ PB) कार्यसम्पादन जमानत रु.२७,०१,९८५।- कार्य सम्पन्न भएको अवधी २०८०।०३।२० भएकोमा सम्झौत अनुसार जमानतको म्याद २०८१।०४।२० हुनुपर्नेमा २०८०।०२।२५ सम्ममात्र भएकोले त्रृटी सच्याउने अबधि सम्मको कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२.३ **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढीलाईका कारण संझौता बमोजिम तोकिएको म्यादमा सम्पन्न हसन नसकेमा संझौता रकमको शुन्ना दशमलव शुन्ना ५ प्रातिशत पूर्व निर्धारित क्षेतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले सुर्मी देखि घुरेली सम्मको सडक निर्माण संझौता भन्दा १० दिन ढिलागरी काम सम्पन्न भएको निवेदन दर्ता गरेकोमा नियमको उक्त व्यवस्था अनुसार संझौता रकम रु.१८,४१,२९२।० को शुन्ना दशमलव शुन्ना ५ प्रातिशतले हुने १० दिनको रु.९,२०६।४० पूर्व निर्धारित क्षेतिपूर्ति असुल हुनुपर्ने रु.....

असुल गर्नुपर्ने	९,२०६.४

७२.४

ठेक्का अभिलेखः- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७२.५ सडक निर्माणमा रिटेनिङ्गवाल लगाएकोमा चेनेज खुलाउने नगरेको, ग्याविन जालीको नाप एवं परिमाण गर्दा लेयर सहितको ड्रइङ्ग समावेश नगर्ने गरेको, खानेपानी निर्माणको काममा इन्टेक, रिजर्ववायर ट्याङ्की, बितरण ट्याङ्की, धारा निर्माणको छुट्टा छुट्टै नाँप गरेकोमा कम्पाइल सिट तयार गर्ने नगरेको, उपभोक्ता समितिहरुबाट सञ्चालित योजनामा सामाग्री विवरण (Material Breakdown) नदिने, निर्माण कार्यसंग दक्ष तथा अदक्ष श्रमिक बिश्लेषण नगरेबाट उपभोक्ताले डोर हाजिरमा उल्लेख गरेको जनशक्ती मेल नखाने, उपभोक्ताको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको लगायत अवस्था देखिन्छ । लागत अनुमान बरावर मूल्याङ्कन भएको देखिदा वास्तविक काम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति, म्याद थप लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क स्पष्ट उल्लेख गर्ने गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ नर्म्स बमोजिम ड्रइङ्ग लगायत चेनेज, स्थान, परिमाण खुल्ने अन्य पुष्टयाइ गर्ने कागजात संलग्न गरी निर्माण कार्यको नाँप एवं परिमाण वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२.६ **निर्माण कार्यको नाँप :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाबाट निर्माण भएका सम्पूर्ण निर्माण कार्यहरुको नाँपसंग भिडान हुनेगरी चेनेज खुलाई स्लोप कटिङ्ग लगायत फिलिङ्ग एरिया एवं परिमाण यकिन हुने ड्रइङ्ग संलग्न गर्ने गरेको छैन । सडक तथा भवन निर्माण जस्ता निर्माण कार्यमा समेत ड्रइङ्ग संलग्न नगरेबाट बिलमा उल्लेखित परिमाण यकिन हुने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

७२.७ **बोलपत्र फाइल** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख राखेकव छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७३ **वडा नं. ५ कार्यालय भवन**

१६०-२०८०।३।२४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले वडा नं. ५ कार्यालय भवन निर्माण गर्न उपभोक्तामार्फत यस वर्ष रु.१३ लाख २१ हजार भुक्तानी दिएको छ । भवन निर्माण जस्तो प्राविधिक कार्य उपभोक्ता समितिलाई जिम्मा दिई निर्माण कार्य गराएको नियमसम्मत देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोला खरिद वितरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.८८४/- दरमा ५० थानको रु.४९,९४६/- को न्यानो झोला खरिद गरेकोमा यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा ८६ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिएबाट खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्यौंट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७६ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पचीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने

व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर पालिकाको बजेटबाट रु.१४,४३,३३२।– र संघीय सशर्तको कार्यक्रमबाट रु.११,९७,८७४।– गरी जम्मा रु.२४,४१,२०६।- को औषधि निम्न अनुसार सोझै खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् ।

खरिद व्यवस्था : औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम तर्फ**

७७. **प्रविधि हस्तान्तरण लाभग्रही योगदान**: ८१-२०८०।०१।१२ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु.१,३२,००।०० को विभिन्न सिलाई मेशिन औजार खरिद गरी विभिन्न व्यक्ति तथा उद्यमीलाई प्रविधि हस्तान्तरण टेवा स्वरुप उपलब्ध गराएको छ । लाभग्राही योगदान रु.२६,४००/- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा पुरै रकम भुक्तानी गरेकोले मेशिन औजारको मूल्यको २० प्रतिशत रकम कार्यक्रम सञ्चालन गर्नेबाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२६,४००

७७. **उत्पादन सामान** : गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले लद्यु उद्यम सम्बन्धी कार्यक्रम अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने अगरबत्ती, छुवा उत्पादन लागतयत तालिम सञ्चालनमा रु.२२,६८,०००/- खर्च गरी गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन ।पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ अभिलेख अद्यावधिक

७८.१ निकासा खर्चः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु.२,१८,९७,९४७/- बैक खातामा पठाएकोमा वितरण हुन बाँकी रहेको रु.७,०१२/- बेरुजु खातामा दाखिला भएको छ ।

सैद्धान्तिक बेरुजु

७८.२ अभिलेख अद्यावधिक : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आर्थिक वर्षमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७९ संघीय शशर्तबाट शिक्षकको तलव

अर्थ मन्त्रालयबाट स्वीकृत वजेट शिर्षक बर्गीकरण संकेतका आधारमा खर्च गर्नुपर्नेमा पालिकाले तवल (शीर्षक संकेत नं. २११११) बाट खर्च लेख्नुपर्नेमा रु. १०,०३,६१५/- दिवाखाजा (शीर्षक संकेत नं. २११२२)बाट खर्च लेखेकोमा नियमानुसार हिसाव मिलान गरेको छैन ।बालबलिकाका लागि दिवा खाजा प्रयोजन रकम तलवमा खर्च गरेको नियमसम्मत नदेखिएकोले अनियमित रु

अनियमित भएको	१०,०३,६१५

८० पाठ्यपुस्तक अनुदान

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका

आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले मिति २०७९।१२।१७ मा पालिका अन्तर्गतका विद्यालयलाई रु.७,६२,०००/- र मिति २०८०।३।२१ मा रु.५,४८,२२०/- गरी जम्मा रु.१३,१०,२२०/-पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ। विद्यार्थीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको बिद्यार्थी भर्ना तथा अध्ययन अवस्थाको नियमित अनुगमन गरी निकासा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए नभएको अधावधिक विवरण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,१०,२२०

८१ **पाठ्यपुस्तक अनुदान**

पुस्तक वितरण भरपाई: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले तपशिल बमोजिमका शिर्षकबाट सिकाइ निरन्तरताका लागि पुस्तक खरिद गरिएकोमा पुस्तक वितरण वितरण गरिएको भरपाई पेश भएको देखिएन। अत: पुस्तक वितरण गरेको भरपाई पेश गरी सो को उपायदेया सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

गो.भौ.नं. मिति	कार्यक्रमको नाम	पुस्तक संख्या	दर	जम्मा
५४,२०७९। १०।२२	शैक्षिक पहुँच निरन्तर शिक्षा कार्यक्रम	६२५	४५०।८७	२८१७९४।
५५,२०७९। १०।२२	विपदको समयमा सिकाई निरन्तरता	७००	५६५।००	३९५५००।
जम्मा				६७७२९४।

सैद्धान्तिक बेरुजु

८२ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आर्थिक वर्ष २०७९।०८०) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रु.२०/- का दरले विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि २०७९।१२।७ मा कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत १३ वटा विद्यालय र ४ वटा वाल विकास केन्द्रलाई रु. २८,२१,६००/- र मिति २०८०।०३।२१ मा रु १३,८१,७८०/- गरी जम्मा रु ४२,०३,३८०/- निकासा गरेको छ। IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले

कुनै अनुगमन नगरेको, जाडो याम र यार्सा संकलनको समयमा विद्यालयमा विद्यार्थीको उपस्थिति नभई विद्यालय बन्द रहने भएपनि बिद्यार्थी हाजिर संलग्न नगरी IEMIS रेकर्डको आधारमा खर्च लेखेकोले उक्त खर्च बिश्वसनीय देखिदैन ।पालिकाले सोको अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी अनुपस्थित दिनको रकम असुल गरी खर्च नियमित भएको प्रमाण पेश हुनुपर्ने रु....

प्रमाण पेश नगरेको	४२,०३,३८०

८३ **विद्यालयगत निकासा खाता**

विधालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८४ **विद्यालयमा सफ्टवयेर**

खरिदः ३८-२०८०।३।२० नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सन्चालन) निर्देर्शिका, २०७१ को दफा ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालयहरुमा EIAS Software जडान गरी ब्राभोस इन्टरनेशनल प्रालीलाई रु. ६,४६,९२५।– भुक्तानी दिएको छ । यस सफ्टवयेरको प्रयोगबाट पालिकाको शैक्षक प्रणाली तथा सिकाई प्रक्रिया थप सहज हुने उल्लेख भएता पनि यस प्रणालीमा विद्यार्थी, विद्यालय लगायतको विवरण अद्यावधिक भएको पाइएन । उक्त प्रणालीको तथ्यांक भण्डार तथा सुपर युजर प्रालिसँगै रहेको पाइयो । कानून वमोजिम स्वीकृती नलिई जडान गरिएको सो सफ्टवयेर प्रणालीको भुक्तानी अनियमित देखिएको रु.....

अनियमित भएको	६,४६,९२५

८५ **प्रधानमन्त्री रोजगार**

८५.१ प्रधानमन्त्री रोजगार कार्यक्रम: स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।यस निर्देशिकाको दफा २८ (१) बमोजिम श्रमिकलाई रोजगार बापतको रकम भुक्तानी गर्दा बैंकमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । छनौट भएका १० वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु.७७ लाख ६ हजार खर्च भएको छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १० वटा कार्यक्रम सम्पन्न गर्दा सुचिकृत भएका १३८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन् । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ खर्चवाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८५. प्रधानमन्त्री रोजगार कार्यक्रममा बढी रकम भुक्तानी :प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन मिति २०७८।९।३०) को परिच्छेद ६ अन्तर्गत २७(१) मा श्रमिकले काम गरेबापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कामय हुने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायको योजना संचालन गरी पारिश्रमिक वापतको रकम भुक्तानी गर्दा जिल्ला दररेटको ८० प्रतिशत दरलाई आधारलिई दरबिश्लेषण गर्नुपर्नेमा रु.९५८/- नै कायम गरी दरबिश्लेषण गरेकोले कुल रु.७७ लाख ६ हजारको २० प्रतिशतले हुने निम्न अनुसारको रु.१५,४१,२००/- बढी व्ययभार पारी खर्च गरेको छ ।स्वीकृत कार्यक्रम अनुसारको नर्म्स पालना नगरी दरबिश्लेषण गर्ने प्रविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

क्र.सं.	योजनाको नाम	भुक्तानी रकम (रु.९५८ का दरले)	भुक्तानी हुनुपर्ने रकम(९५८ को ८० प्रतिशत हुँदा)	बढी भुक्तानी
१	साघुँझारा हुँदै भोटगाउँ विद्यालय सम्म घोरेटोबाटो नि उ स	५८९०००	४७१२००	११७८००
२	लाछेर पानी देखि डाँडा घोरेटो बाटो	५८९०००	४७१२००	११७८००
३	पुरानो वडा भवन मर्मत उस	७९८०००	६३८४००	१५९६००
४	सिटमष्टा देखि जोगिमौरी सम्म घोरेटो बाटो	६९७०००	५५७६००	१३९४००
५	गोही चरण क्षेत्र ढुंग घेराबार निर्माण उपभोक्ता समिति	५८९०००	४७१२००	११७८००
६	ओक्ता गाउँदेखि तितसम्म घोरेटो बाटो	११९४०००	९५५२००	२३८८००

	निर्माण उ.स.			
७	डाँडा देखि पातिहाल्ना सम्म घोरेटो बाटो	१४८३०००	११८६४००	२९६६००
८	घट्टेथुम्का देखि घाग्रे खोला हुदै मालवाकुना सम्म घो. वा निर्माण	५८९०००	४७१२००	११७८००
९	रास्नी मन्दिर घेराबार तथा मैदान उस	५८९०००	४७१२००	११७८००
१०	मलवाकुना देखि पानी ट्याङ्की घोरेटो बाटो	५८९०००	४७१२००	११७८००
	जम्मा बढी भुक्तानी	७७०६०००	६१६४८००	१५४१२००

असुल गर्नुपर्ने	१५,४१,२००

८६ **छोरी वचत खाता**

प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।– दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष (२०७६।७७ देखि २०७९।०८० सम्म) खाता

सिफारिस भएका खाताहरुको पालिकाले अभिलेख नै राखेको छैन । पालिकाले आफुले गरेको कामको अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८७ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको बाँकी के कति छन एकिन गर्न सकिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । साथै राजस्व आम्दानीको शीर्षकगत आम्दानी जनाई अभिलेख राख्नु पर्नेमा एकमुष्ट आम्दानी बाँध्ने गरेकोछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

८८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३२३३४७	३२२७	०.९९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३२,२७,७६७/- अर्थात अनुमान भन्दा १९.३० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

९० अनुगमन तथा संपरीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु. १४७४६७००० मध्ये रु १५७४०५३३ फर्स्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण भई उक्त प्रणाली मार्फत जानकारी गराइएको छ ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **मुड्केचुला गाउँपालिका, डोल्पा** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	१४७४६७०००	१५७४०५३३	८३४८०१६६.३३	८८७४५	२१५२९५३७८.३३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : मुड्केचुला गाउँपालिका, डोल्पा , मुड्केचुला गाउँपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	तिर्थराज महतारा	२०७८-५-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	विनोद कुमार शाही	२०७९-८-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,३३५,००५.०१	२५,१६५,२२३	५२,७२९,९३८.३२	०	०	२५०,०००
				जम्मा बेरुजु रकम	८३,४८०,१६६.३३
				लेखापरीक्षणको क्रममा असुली रु	१२५,१००

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१५८०६०१.९९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३२३४७२७७	चालु खर्च	२२९९२७५२८.४
प्रदेश सरकारबाट अनुदान	६२४०८७८१	पूँजीगत खर्च	१५६१८३६२६
राजश्व बाँडफाँट	४९९८७९१०.३५	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	३२२७७६७.०		
अन्य आय	३३२५३५४७		
कुल आय	३८१२२५२८२.३५	कुल खर्च	३८६१११५४.४
बाँकी मौज्दात		१६६९४७२९.९४	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	चालु तथा प्रशासनिक खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
२	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
३	तालिम तथा कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
४	खरिद व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन ठेक्का तथा प्रस्ताव व्यवस्थापन खरिद व्यवस्थापन
५	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
६	स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च	स्वास्थ्यतर्फ
७	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
८	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
९	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१०	शिक्षा तर्फको वजेट तथा कार्यक्रम	शिक्षा तर्फ
११	प्रधानमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१२	मुख्यमन्त्री रोजगार कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१३	बैक खाता छोरीको कार्यक्रम	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१४	आन्तरिक आय	आन्तरिक आयतर्फ
१५	सामान्य जोखिम	कार्यालयको लेखापरीक्षणको दौरान देखिने जोखिम
१६	भूक्तानीमा कर कट्टी	भुक्तानीमा कर कट्टी